टिष्टुङका शिक्षकलाई तालिम पनि, ल्यापटप पनि । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-०९ ● २०७८ भदौ २८ गते सोमबार, ● 13 Sep. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरमा मात्र एमाले जिल्ला सदस्यको संख्या १९

◆ विकास संवाददाता

नेकपा एमालेका केही सदस्यहरू औपचारिकरूपमै नेकपा एकीकृत समाजवादीतिर लागेपछि थाहा नगरपालिकामा एमालेले अझै धेरै नेता पाएको छ ।

नेकपा एकताअघि एमालेका जिल्ला सदस्यहरूको तुलनामा सर्वोच्च अदालतको फैसलाबाट साविक एमाले भएपछि नेकपा एमालेले मकवानपुर जिल्ला कमिटी अन्तर्गत थाहाबाट १४ जना जिल्ला सदस्य पाएको थियो । एमालेको पछिल्लो जिल्ला कमिटी बैठकले थाहा नगर पालिकाबाट ६ जना जिल्ला सदस्य थपेपछि अहिले जिल्ला कमिटीमा प्रतिनिधित्व गर्नेहरूको संख्या १९ पुगेको जिल्ला अध्यक्ष बद्रि लम्सालले जानकारी दिए ।

थाहा नगरपलिकाबाट पछिल्लोपटक जिल्ला सदस्य थपिएकोमा विष्णुप्रसाद ढकाल, बलराम थापा, हरि गोपाली, सगुनकुमार ढकाल, हेम थिङ, कल्पना बलामी र विष्णु अधिकारी रहेका छन् । यसअघि साविक एमालेमा जिल्ला सदस्य राजु नापित, बुद्धरत्न मानन्धर, शशिधर सुवेदी, विमलकुमार ढकाल, गणेशमान श्रेष्ठ, चित्रबहादुर बलामी, केदार बल, लक्ष्मण रेग्मी, सुरेन्द्रमान प्रधान, ठुली गोले, शिवराम थापा, हरि मगर, राजेन्द्रकुमार लामा, काजीमान थिङ रहेका थिए । यसबीच गत असारमा थाहा नगर इन्चार्जसमेत रहेका राजु नापितको निधन भएपछि एमालेमा थाहा नगरबाट जिल्ला कमिटीमा प्रनिनिधित्व गर्नेको संख्या १३ रहेको थियो । पछिल्लो जिल्ला बैठकबाट विष्णुप्रसाद ढकालसहित ६ जना सदस्य थपिएपछि एमालेको जिल्लामा प्रतिनिधित्व गर्नेको सत्त्या १९ पुगेको हो ।

विष्णुप्रसाद ढकाल माओवादीसँगको एकताअघि एमाले जिल्ला कमिटी सचिवालय सदस्य रहेका थिए । तर, सर्वोच्च अदालतको गत २३ फागुनको फैसलापछि एमाले माधव गुटको जिल्ला सचिव घोषित भएका थिए । पछिल्लोपटक जिल्ला कमिटीमा पदोन्नति गरिएका ढकाल, थिङ र बलामी नगर कमिटीमा रहेका थिए भने थापा एमालेको पूर्व संरचनाअनुसार क्षेत्रीय कमिटी सदस्य थिए ।

### थाहामा ८१ प्रतिशत जनप्रतिनीधि एमालेमै

वि.सं. २०७४ सालको स्थानीय तह निर्वाचनमा थाहा नगरपालिकामा २६ सिट जितेको नेकपा एमालेका ५ जना जनप्रतिनिधिले एमाले छाडेका छन् ।

१२ वडामध्ये ६ वडाध्यक्षसहित २६ सिट जितेको सो पार्टीका दुई वडाअध्यक्षसहित ५ जना माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीतिर लागेका हुन् ।

नगरमा एमालेबाट निर्वाचितमध्ये ८१ प्रतिशत एमालेमै रहेको र बाँकी १९ प्रतिशतले समाजवादीमा सनाखत गरेको बुझिएको एमाले थाहानगर अध्यक्ष अच्युत्तमप्रसाद ढकालले बताए ।

स्थानीय खबर थाहा पाउनका लागि लगइन गरौं
ThahaTimes.com

थाहानगरमा पालुङ जेसीज क्षेत्र 'ख' सम्मेलन

## पर्यटन प्रवर्द्धनमा योगदान

विकास संवाददाता
थाहानगर




नेपाल जेसीजको आयोजना तथा पालुङ जेसीजको आतिथ्यतामा २० भदौदेखि सुरु भएको क्षेत्र ख सम्मेलन आज सोमबार सम्पन्न हुँदैछ ।

पालुङ जेसीज हलमा आयोजित सम्मेलनमा सहभागी हुन देशभरमा करिव ३ सय युवा उद्दमीहरूको सहभागिता रहेको सम्मेलन निर्देशक सुरेन्द्रमान प्रधानले जानकारी दिए । समारोहमा वक्ताहरूले जेसीजको क्षेत्रीय सम्मेलनले थाहानगरको पर्यटन प्रवर्द्धनमा टेवा पुगेको विश्वास व्यक्त गरेका छन् ।

अस्ट्रेलियाका लगायत विभिन्न देशका लागि हालै निवर्तमान हुनु भएका नेपाली राजदुत तथा नेपाल जेसीजका पूर्व राष्ट्रिय अध्यक्ष महेश दाहाल, राष्ट्रिय अध्यक्ष अरूणेश्वर खनाल, पूर्व राष्ट्रिय अध्यक्ष प्रज्ञा राज भण्डारी, थाहा नगरपालिकाका उपप्रमुख खड्ग गोपालीलगायतले जेसीजको क्षेत्रीय सम्मेलनले थाहानगरको कृषि र पर्यटनको प्रवर्द्धनमा टेवा पुगेको विश्वास लिदै समाज परिवर्तनमा युवाहरूले नेतृत्व लिनु पर्ने विचार व्यक्त गरेका छन् ।

विभिन्न शीर्षकमा तालिमहरू समेत भएको सम्मेलनको प्रकरण गोष्ठीमा सञ्चारकर्मी डा. नवराज लम्साल, टिकाराम यात्री, डा. नम्रता पाण्डेले "राइज टु चेञ्ज" मा आफ्ना तर्कहरू प्रस्तुत गरे ।

नेपाल जेसीजको क्षेत्र ख अन्तर्गत विभिन्न ३५ वटा शाखाहरू छन् । सम्मेलन निरूपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष भोजराज चापागाईंले अध्यक्षता गरेका थिए ।

## नेपाली काँग्रेस थाहानगरमा तीन प्रतिस्पर्धी

◆ विकास संवाददाता

नेपाली काँग्रेसको थाहानगर अधिवेशन भाद्र २७ गते हुँदैछ । नयाँ नेतृत्व चयन समेत हुने अधिवेशनका लागि सभापति पदमा घम्साघम्सी हुने अवस्था देखिएको छ ।

वर्तमान नगर उपसभापति भरत गोपाली, अघिल्लो अधिवेशनमा सभापति पदका पराजित प्रमोद जोशी र वर्तमान नगर तरूण दलका अध्यक्ष नवराज लामाले आफूहरू सभापति पदको उम्मेदवार रहेको घोषणा गरेका छन् भने वर्तमान सभापति योगेन्द्रमान श्रेष्ठले पनि आन्तरिक सहमति हुन नसके आफूले पनि नगर सभापतिको उम्मेदवारी दोहोऱ्याउन सक्ने संकेत गरेका छन् । थाहानगरमा १२ वटै वडाहरूबाट भदौ २० गते नै क्षेत्रीय प्रतिनिधिहरू चुनिसकेका छन् ।

यसैगरी वडा सभापतिहरू समेत चुनिसकेका छन् । नगर अधिवेशनमा वडा सभापतिसहित कुल १९६ जना प्रतिनिधिले मतदानमा सहभागी हुनेछन् । आधिकारिक नामावली सबै उम्मेदवारहरू स्वतन्त्र उम्मेदवार रहेको प्रतिक्रिया दिइरहे पनि केन्द्रीय गुटको प्रभाव थाहानगरमा पनि देखिने काँग्रेसका नेताहरू बताउँछन् ।

हालसम्म ३ जनाको उम्मेदवारी आउने पक्कापक्की भएपनि भरत गोपाली र प्रमोद जोशीबीच प्रतिस्पर्धा हुन सक्ने आँकलन गरिएको छ । तथापि, नवराज लामा आफूपनि बलियो रूपमा उम्मेदवारको रूपमा प्रस्तुत भएको प्रतिक्रिया दिए । गोपाली २०४६ सालको जनआन्दोलनमा विद्यार्थी राजनीतिबाट काँग्रेसको गतिविधिमा संलग्न छन् । विभिन्न जिम्मेवारी लिँदै अघिल्लो अधिवेशनमा सभापतिको उम्मेदवारी दिनु भएका गोपालीले अभिवेशनलाई निर्वाचनमा नलाने बताउँदै उपसभापतिमा आफूले चित्त बुझाएका थिए । उनी नेपाल किसान संघ जिल्ला समितिको सचिवको जिम्मेवारी समेत सम्हालिसकेका छन् । गोपाली लायन्स क्लव अफ धादिङ पिस खानीखोलाको अध्यक्ष, पालुङ जेसीजको अध्यक्षको जिम्मेवारी समेत लिइसकेका छन् । हाल थाहानगर उद्योग वाणिज्य संघका कोषाध्यक्ष, पालुङ बहुमुखी क्याम्पस संचालक समितिका सदस्य, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था पालुङ केन्द्रका संयोजक, पालुङ भ्याली हार्ट एकडेमीका संचालक अध्यक्ष समेत हुन् ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## जनप्रतिनीधिको यो कार्यकाल

संघीयता कार्यानवयनसंगे स्थापित देशभरिका स्थानीय तहहरुले आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट पास गरी अहिले पूर्णतः कार्यान्वयनको चरणमा छन् । स्थानीय तहहले ल्याउने यसपटकको नीति तथा कार्यक्रम बजेट यसर्थ पनि महत्वपूर्ण छ कि अहिलेका जनप्रतिनिधिले ल्याउने यो अन्तिम बजेट हो । अर्थात् परम्परागत भाषामा भन्दा यो उनीहको चुनावी बजेट पनि हो। वि.सं. २०७४ सालमा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिको पदावधि अब सकिदैछ र २०७९ सालको शुरुवातमै स्थानीय तहको चुनाव गर्नुपर्छ। स्थानीय तह निर्वाचन ऐन, २०७३ अनुसार त पदावधि सकिन दुई महिना अगावै स्थानीय तहको चुनाव गर्नुपर्ने व्यवस्था छ । त्यो भनेको २०७८ फागुनको अन्तिम हो । त्यसैले स्थानीय तहहरुले यसपटक ल्याउने नीति तथा कार्यक्रम र बजेट स्थानीय तह तथा जनप्रतिनिधिका लागि मात्रै होइन, समग्र मुलुकका लागि पनि समीक्षात्मक बजेट हो। देशले झण्डै २० वर्षसम्म स्थानीयस्तरसम्म जनप्रतिनिधि नपाएको, एकैपटक सवैधानिक अधिकारसहितको स्थानीय तहको अभ्यासमा गएको, कार्यक्रम र बजेट बनाउने, कार्यान्वयन र मूल्यांकन पनि आफै गर्ने सर्वाधिकारसहित स्थानीय तह सञ्चालन गरेको अनुभवसहितको बजेट यसपटकको बजेट हो

नागरिकको सबैभन्दा नजिकको अभिभावकको पमा स्थानीय तह नै स्थापित हुने आशा जनस्तरमा बढ्नु स्थानीय तहको सफलता हो। संघ प्रकारान्तरले पहिलेकै केन्द्रीय सरकारको निरन्तरता हो भने प्रदेशहले आशा लाग्ने काम गर्न सकेनन् । यो बेलामा थोरै–थोरै भए पनि स्थानीय तहले जनतामा परिवर्तनको अनुभूति गराउने प्रयास गरे। हुन त स्थानीय तहलाई 'गाउँ नगरका सिंहदरवार' भनेर पनि ब्याख्या गरियो। यसलाई जनस्तरबाट 'गाउँ नगरमा सिंह आए, दरबार आएन' भनेर पनि टिप्पणी गरियो। जनताको पूर्ण अपेक्षाअनुप काम नहुँदा नकारात्मक टिप्पणी आए पनि मूलतः स्थानीय तहको संरचना सही नै छ भन्ने जनस्तरमा छाप पर्न थालेको छ, स्थानीय तहको दिगो र स्थायित्वका लागि यो महत्वपूर्ण सवाल नै हो। यो चार वर्षको अवधिमा स्थानीय तह संघ र प्रदेशभन्दा आफूलाई फरक देखाउन नसक्नु चाहिं ठूलो चुनौतीको रुपमा देखिएको छ। संघले राष्ट्रिय सोच र संरचनाको मान्यता अघि सार्ने हो भने प्रदेशले प्रादेशिक विकास तथा समन्वयको पाटो हेर्ने हो। स्थानीय तह जनताको प्रत्यक्ष अभिभावक वा साथी भएर काम गर्ने हो। जनतालाई दैनिकदिन पर्ने समस्या समाधानदेखि आयआर्जन र सहजीकरणका काम स्थानीय तहले गर्ने हो। कतिपय साना अत्यावश्यकीय विकास निर्माणका काम पनि स्थानीय तहले गर्नुपर्ला तर स्थानीय तहको मुख्य काम जनताको जीवन सहज बनाउने नै हो। जनताको जीवन सुरक्षित र सहज बनाउँदै उत्पादन बृद्धिमा जोड दिनु स्थानीय तहको मुख्य कार्यभार हो।

स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रम बनाउने, कार्यान्वयन गर्ने र मूल्यांकन गर्ने सवालमा स्वायत्त तर आर्थिक स्रोतको सवालमा संघ र प्रदेशकै भर पर्ने स्थिति आयो भने स्थानीय तहकै स्वायत्ततामाथि प्रश्न उठ्ने स्थिति आउँछ। त्यो स्थिति आउन नदिन सबै स्थानीय तहहले आवधिक योजना बनाएर उत्पादन बृद्धिलाई जोड दिनु पर्दछ। अहिले देशभरि रहेका ७५३ स्थानीय तहमध्ये आधा जतिले पनि उत्पादन बृद्धिका ठोस योजना बनाउन सके भने आगामी कार्यकालका लागि सही मार्गनिर्देशन हुनेछ। यसका साथै सवैधानिक अधिकारअनुसार शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, सामाजिक सद्भाव, बजार ब्यवस्थापन, उपभोक्ता अधिकार, सामाजिक सुरक्षा र न्याय, भाषा संस्कृतिको संरक्षण आदिमा पनि स्थानीय तहले नयाँपन दिनसक्नुपर्छ। यसो गर्न सकेमात्र देशमा गणतन्त्र स्थापित तथा संघीयता कार्यान्वयननको अनुभव आम नागरिकले गर्न सक्दछन् ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# दिगो विकास, अवरोध र चिन्ता



**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

सन् २०३० भित्र देशमा दिगो विकासका लक्ष्य पूरा गर्नुपर्ने समय अब केवल नौ वर्ष मात्र बाँकी छ। हालसम्मको प्रगति सन्तोषजनक छैन । त्यसको मूल कारण पर्याप्त लगानीको अभाव हो, राजनीतिक प्रतिबद्धताको कमी हो, सुशासनको कमी त हुँदै हो । देश कर उठाउनमा व्यस्त छ, सरसफाइ, पानीको पर्याप्त आपूर्तिमा ध्यान छैन। कृषि उब्जामा सिँचाइ, मल, बीउतिर ध्यान जानुभन्दा मेहेनत नगरीकनै उब्जा हुने राजनीतिक उद्योग त्यसमा पनि दल खोल्ने, दल फुटाउने, लगानीबिना नै चल्ने उद्योग फस्टाएको छ। उद्योग खोले चन्दा दिनुपर्ने, पार्टी खोले चन्दा लिन पाइने, कार्यकर्तालाई प्रशस्त रोजगारी दिन सकिने, भाषणबाजीमा समय बिताउन पाइने, कुर्सीमा चाँडै पुग्न पाइने, खुट्टा तानीतानी अर्कालाई तल झार्न पाइने, चाकडीमा धेरैलाई घुमाउन पाइने हुँदा देशको दिगो विकासभन्दा दलको दिगो विकासतर्फ राजनीतिकर्मीहरू अभ्यस्त भएका देखिन्छन् ।

ऊर्जाक्षेत्रमा निकै प्रगति भनिए पनि प्रगति आधा मात्र देखिएको छ। नवीकरणीय ऊर्जामा जलविद्युत् क्षमता २ हजार ३ सय १ मे. वाट पुग्नुपर्नेमा १ हजा २ सय ५० मे. वाट पुगेको छ । ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा २२.१ मा जम्मा ५ प्रतिशतको प्रगति छ। दैवी प्रकोपबाट मृत्यु हुनेको संख्या प्रतिलाख जनसंख्या ३ सय ३१ मा झार्ने लक्ष्यमा ९ सय ६८ पुगी तेब्बरले बढेको छ। प्रतिव्यक्ति सार्वजनिक खर्च १९ हजार पुऱ्याउनुपर्नेमा १२ हजार मात्र पुगेको देखिन्छ। आधारभूत शिक्षा खासगरी कक्षा ५ को गणित, नेपाली, अंग्रेजी सिकाइ दर ५५, ६६ र ५६ प्रतिशत पग्नुपर्ने लक्ष्यमा क्रमशः ३५, ३४ र ४१ मात्र पुगेको छ। मातृ मृत्युदर प्रतिलाखमा १ सय २५ मा झार्ने लक्ष्य लिइँदा २ सय ३९ अर्थात् आधा मात्र प्राप्त भएको देखिन्छ। सन् २०१९ सम्ममा दैनिक १.२५ डलरभन्दा कम आम्दानी गर्ने जनसंख्याको हिस्सा १७ प्रतिशतमा झार्ने लक्ष्य भए पनि त्यो लक्ष्य पूरा भएको छैन। प्रतिदिन १.९० डलर आय गर्नेको संख्या २८.५ प्रतिशत गर्ने भनिएकोमा १५ प्रतिशतमात्र भएको देखिन्छ । नेपालले संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरेको स्वेच्छिक राष्ट्रिय प्रतिवेदन २०२० र दिगो विकासको लक्ष्य प्रगति मूल्यांकन २०१९ को आधारमा उपलब्ध तथ्यांक सूचकमध्ये अधिकाँश सूचक निराशाजनक देखिएका छन् ।

विश्व खाद्य सुरक्षा सूचक ५७ मा प्रगति ४६ मात्र देखिन्छ भने सामाजिक सुरक्षाको खर्च भने झन्डै नजिक १२.१ मा ११.७ पुगेको देखिन्छ। कम तौलका पाँच वर्षमुनिका बालबच्चाको संख्या प्रतिलाख २० मा झार्ने लक्ष्यमा २४ भन्दा बढी छ। ९० प्रतिशतलाई राष्ट्रिय खोपमा सहभागी गराउने भनिरहँदा जम्मा ४२.६ मात्र छ। स्वास्थ्यक्षेत्रमा पहुँच वृद्धि लक्ष्य २० प्रतिशतले कमी देखिन्छ । महिला तथा बालबालिकाको बेचबिखन प्रतिवर्ष ७ सय २५ मा झार्ने लक्ष्यमा ९ सय ४६ देखिएको छ । राज्य केवल सरकारी भागबन्डामा सीमित बन्न पुगेको, लगानी वृद्धि गर्न नसकेको, वैदेशिक सहयोगमै भर पर्नुपरेको, निजी क्षेत्रलाई भरपुर विश्वासमा लिई लगानी वृद्धि गर्न नसकेको आभास हुन्छ भने करको दायरा विस्तार गर्दा जनता थप निराश भएका छन्, त्यसको सदुपयोगभन्दा राजनीतिक पद सेवामूलक, मर्यादित, अवैतनिक हुन नसकेको देखिएको छ। सन् १९७० देखि नै संसारमा दिगो विकासको अवधारणा आएको हो ।

पछिल्लो पटक संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि सन् २०३० सम्म विश्वको रूपान्तरण गर्ने योजना बनाउँदै विकासका हरेक आयामहरूमा कोही–कसैलाई पनि काखापाखा नगर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यही प्रतिबद्धता पूरा गर्न २०१५ को सेप्टेम्बर मा दिगो विकासको लक्ष्य घोषणा गरेको थियो। सो घोषणाअनुसार दिगो विकासका १७ वटा लक्ष्य छन्, १ सय ६९ वटा परिमाणात्मक लक्ष्यहरू छन् भने २ सय ३२ वटा विश्वव्यापी सूचकहरू तय गरिएका छन्। नेपालले थप सूचकसमेत गरी ४ सय ७९ बनाएको छ। दिगो विकासका लक्ष्यमा संसारका सबै राष्ट्रमा सहभागितामूलक, अधिकारमुखी, समतामूलक विकास गरी गरिबी र भोकमरीको अन्त्य गर्ने प्रमुख विषयहरू रहेका छन् । त्यस्तै सबैलाई शिक्षा र स्वास्थ्यको सुविधा, लैंगिक समानता, सबैका लागि स्वच्छ पानी, सबै क्षेत्रमा ऊर्जाको पहुँच, सबैको रोजगारी, सम्पूर्णमा आर्थिक वृद्धि, उद्योगको भरपूर विकास, पूर्वाधारको विकास र दिगो सहरीकरण रहेको छ ।

हामीकहाँ लक्ष्य पूरा गर्ने मार्गमा समस्याहरू धेरै छन्। मूलतः सो लक्ष्य हासिल गर्न हामीलाई वार्षिक ५ खर्ब ८५ अर्ब रकम अभाव छ । पुँजीगत खर्च अधिक हुनुपर्नेमा हरेक साल यो खर्च घटेको छ। उत्पादनशील उद्योगमा कमी, पुर्वाधार विकासमा घस्रँदै गरेको अवस्था, उत्पादन र वितरणमा व्यापक समस्या, भोकमरी र कुपोषणको जल्दोबल्दो समस्या रहेको छ। केही समययतादेखि महिला सहभागिताको वृद्धि भए पनि बालविवाह, यौनहिंसा, बलात्कारका घटनाहरू बढेका छन् । वातावरणमा उल्लेखनीय सुधार हुन नसकेको अवस्था छ । प्रशासन संयन्त्रहरू धानी नसक्नु छन्, जवाफदेहिता र पारदर्शिता, सुशासन नाम मात्रको रहेको, भ्रष्टाचारको सूचक नकारात्मक छ। अन्तर्राष्ट्रिय संस्थाहरूले नै भ्रष्टाचारबारे औंला उठाइरहेको अवस्था छ ।

हाम्रो देशले दिगो विकासको लक्ष्यलाई ३ आयामहरू भनौं सामाजिक, आर्थिक र पर्यावरणीय परिवेशलाई कार्यान्वयनमा ल्याउँदै अघिल्लो चौधौँ योजनाले यी लक्ष्यलाई आन्तरिकीकरण गर्न सुरू गरेको हो ।

प्रादेशिक एवं स्थानीय योजना तर्जुमा नमुना दिग्दर्शन, कार्यक्रमहरूमा आन्तरिकीकरण सोअनुसारका कार्यक्रम सञ्चालन गर्ने प्रयास गरेको देखिन्छ । तर, समस्या कहाँनेर छ भने नेपालमा दिगो विकासको लक्ष्यको आवश्यकता पहिचान, यसको लागत अनुमान तथा वित्तीय रणनीतिले विकासको लक्ष्यलाई कार्यान्वयन गर्न वार्षिक औसत रू. २० खर्ब २५ अर्ब रकम आवश्यक पर्ने अनुमान छ । यसमध्ये रू. ११ खर्ब ११ अर्ब सरकारी क्षेत्रबाट, रू. ७ खर्ब ३९ अर्ब निजी क्षेत्रबाट, रू. ८७ अर्ब सहकारी तथा गैरसरकारी क्षेत्रबाट र घरपरिवार क्षेत्रबाट रू. ८८ अर्ब लगानी गर्नुपर्ने अनुमान छ । यसमा सरकारी र निजी क्षेत्रबाट हुने लगानीमा क्रमशः रू. २ खर्ब, १८ अर्ब र रू. ३ खर्ब ६७ अर्ब गरी वार्षिक रू. ५ खर्ब ८५ अर्ब नपुग हुने र सो नपुग रकम प्रगतिशील कर, फराकिलो आधार कर, कर प्रशासनको सुधार, निजी र अन्य क्षेत्रलाई लगानी प्रोत्साहन गर्ने, सार्वजनिक निजी साझेदारी प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने जस्ता बहुआयामहरूलाई अँगाल्नुपर्ने देखिन्छ । हाल चालू पन्ध्रौँ योजनाको त उद्देश्य भने यही हो। कोभिड–१९ प्रभावित अर्थतन्त्रको पुनरूत्थान, दिगो विकासको लक्ष्य प्राप्ति, वित्तीय संघीयता, प्रदेश र स्थानीय तहबाट समृद्धिको आधार तय गर्ने, कृषि, उद्योग र सेवाक्षेत्रलाई परिष्कृत गराउने, अर्थतन्त्रको संरचनालाई रूपान्तरण गर्ने, सामाजिक न्यायलाई स्थापना गराउने भनिएको छ ।

योजना आयोगले दिगो विकास लक्ष्यका लागि १० वटा राष्ट्रिय लक्ष्य निर्धारण गरेको हो । त्यसमध्ये समृद्ध नेपालको नाराका लागि ४ वटा लक्ष्य छ । उच्च र समतामूलक रष्ट्रिय आय, मानव पुँजी निर्माण तथा सम्भावनाको पूरा उपयोग, सर्वसुलभ, आधुनिक पूर्वाधार एवं सघन अन्तरआबद्धता र उच्च र दिगो उत्पादन तथा उत्पादकत्व, सुखी नेपालीको उद्देश्यतर्फ ६ वटा राष्ट्रिय लक्ष्यमा परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ र सन्तुलित पर्यावरण, सुशासन, सबल लोकतन्त्र एवं राष्ट्रिय एकता र सुरक्षा र सम्मान हुन् ।

आर्थिक वृद्धिदर १०.५ प्रतिशतको हुने, निरपेक्ष गरिबी शून्य प्रतिशत, बहुआयामिक गरिबीको रेखामुनि हुने जनसंख्या ३ प्रतिशतमा झार्ने, सम्पत्तिमा आधारित गिनीगुणक ०.२५ प्रतिशत, १५ वर्षमाथिका श्रम सहभागिता ७२ प्रतिशतमा पुऱ्याउने, रोजगारीमा औपचारिक क्षेत्रको सहभागिता हिस्सा ७० प्रतिशत, जलविद्युत् तथा नवीकरणीय ऊर्जा उत्पादन जडित क्षमताका आधारमा ४० हजार मे.वाट पुऱ्याउने, विद्युत्को पहुँच १ सय प्रतिशत, ३० मिनेटको दूरीमा यातायातको पहुँच भएको परिवार ९९ प्रतिशतमा पु–याउने, राष्ट्रिय, प्रादेशिक लोकमार्ग ३९ हजार किमि, इन्टरनेट प्रयोगको जनसंख्या १ सय प्रतिशत, अपेक्षित आयु ८० वर्ष, प्रतिलाख जीवित जन्ममा मातृ मृत्युदर २० जना, प्रतिहजार जीवित जन्ममा ५ वर्षमुनिका बालमृत्युदर ८ जना, १५ वर्षमाथिका साक्षरताको दर ९९ प्रतिशत, उच्च मध्यम स्तरको खानेपानी सुविधाको पहुँच का जनता ९५ प्रतिशत, आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या १ सय प्रतिशत, लैंगिक विकास सूचकांक १ मा पुऱ्याउने, मानव विकास सूचकांक ०:७९० मा पुऱ्याउनेजस्ता दीर्घकालीन लक्ष्यसहितको अवधारणापत्र सरकारले जारी गरेको हो, तर सरकार राजनीतिक खेलमा लाग्यो, पहिलेको सरकार आफैं हटेको अवस्था छ, नयाँले अब यी लक्ष्य हासिल गर्न ठूलै कसरत गर्ने या पहिलेझैं आफ्नै खेलमा व्यस्त रहने हो, स्पष्ट हुनुपर्छ ।

# एन्टीबायोटिक्सको जथाभावी प्रयोग कति घातक ?

एन्टीबायोटिक्स भनेको यस्तो रसायनिक तत्व हो, जसले शरीरमा रहेका ब्याक्टरियाहरूलाई मात्र मार्न सक्ने क्षमता राख्छ । ब्याक्टेरियामा भएको कोषिकाहरूमा भएको निश्चित तत्वहरूलाई लक्षित गरेर मार्न सक्ने क्षमता भएको औषधीलाई नै एन्टीबायोटिक्स भन्ने गरिन्छ ।




सरल अर्थमा भन्नुपर्दा शरीरमा पैदा हुने विभिन्न ब्याक्टेरियामध्ये कुनै निश्चित ब्याक्टेरिया नष्ट गर्ने क्षमता भएको औषधी एन्टिबायोटिक्स हो ।

### कुन बेला प्रयोग गर्ने ?

एन्टिबायोटिक्सको प्रयोग त्यसबेला मात्र गर्नुपर्छ, जब शारीरिक समस्या ब्याक्टेरियाको कारणले पैदा भएको हो भन्ने टुंगो हुन्छ ।

एन्टिबायोटिक्सको जथाभावी प्रयोग गर्दा ब्याक्टेरियाले त्यस बिरूद्ध लड्ने क्षमता विकास गर्छ । जसले गर्दा हाम्रो शरीरमा औषधीको प्रभाव रहँदैन । ब्याक्टेरियाले आफ्नो कोषिका बदलेपछि हामीलाई एन्टिबायोटिक्सले काम गर्दैन र समस्या थप चर्को बन्छ ।

एन्टिबायोटिक्स चलाएपछि पुरा डोज लिनुपर्छ । अन्याथा ब्याक्टेरियाले अर्को रूप लिएर आक्रमण गर्छ ।

एन्टिबायोटिक नै रोगको पूर्ण उपचार होइन । एन्टिबायोटिक खाएपछि त्यसले शरीरमा संक्रमित ब्याक्टेरियालाई नष्ट गर्छ । यस हिसाबले कुन किसिमको ब्याक्टेरिया हो, त्यही आधारमा एन्टिबायोटिक प्रयोग गर्नुपर्छ । यसको मात्रा, अवधी, समय सबैकुरा ख्याल गर्नुपर्छ ।

यद्यपि जुनसुकै अवस्थामा एन्टिबायोटिक सेवन गर्छौं । यस किसिमको प्रयोगले शरीरमा भएका ब्याक्टेरियाले आफ्नो रक्षात्मक क्षमता बढाउँछ । कोषिका परिवर्तन गर्छ । यसलाई 'ड्रग रेजिस्टेन्स' भनिन्छ ।

यस्तो हुनु भनेको ठूलो जटिलता हो । जब शरीरमा ब्याक्टेरियाले आफ्नो कोषिका बदल्छ, तब औषधीको प्रभाव कम हुन्छ । रोग फेरी बल्झन्छ । र, त्यसले थप चर्को रूप लिन्छ । एन्टिबायोटिक्सको प्रयोगबारे हामी उति सचेत छैनौं । एन्टिबायोटिक्स लिइसकेपछि त्यसको निश्चित डोज पुरा गर्नैपर्ने हुन्छ । तर, हामी जथाभावी औषकि किन्छौं । मनोमानी ढंगले प्रयोग गर्छौं । आफ्नो समस्या ठिक भइसकेपछि औषधीको डोज पुरा नगरी छाडिदिन्छौं ।

अर्को महत्वपूर्ण कुरा के भने, एन्टिबायोटिक्स त्यही बेला सुरू गर्नुपर्छ, जब समस्या ब्याक्टेरियाको कारण पैदा भएको हो भन्ने टुंगो हुन्छ । यदि त्यसो गरिएन भने ब्याक्टेरियाले आफ्नो कोषिका परिवर्तन गर्छ, जससँग लड्न सक्ने मेडिकल क्षमता हामीसँग छैन ।

जब एन्टीबयोटिक्सको विकास गरिन्छ, त्यतिबेला नै उक्त औषधिले शरीरमा कति बेला सम्म काम गर्न सक्दछ भनेर आंकलन गरिएको हुन्छ । शरीरमा कति मात्रामा उक्त औषधी रहन्छ भनेर हेरिएको हुन्छ ।

त्यसैले गर्दा चिकित्सकहरूले जुन एन्टीबायोटिक्स जसरी खान सल्लाह दिन्छन्, त्यही अनुसार किन खानु पर्छ भने त्यो समय भन्दा तल वा माथि उक्त एन्टीबायोटिक्सको प्रयोग गर्दा त्यो मात्रामा शरीरले उक्त औषधि प्राप्त गर्न सक्दैन । शरीरले आवश्यक्ता अनुसारको औषधि नै पाउन नसकेपछि उक्त औषधिले गर्नु पर्ने काम वा ब्याक्टेरिया मार्नु पर्ने क्षमतामै ह्रास आउन सक्छ ।

त्यसैले त कुनै एन्टीबायोटिक्स दिनमा एक पटक खाए पुग्छ भने कुनै दिनमा दुई पटक वा तीन पटकसम्म पनि खानु पर्ने हुन्छ ।

### एन्टीबायोटिक्सको फाइदा तथा बेफाइदा

'म्याजिक बुलेट' भनेर चिनिने एन्टीबायोटिक्स चिकित्सा क्षेत्रको चमत्कारी देन हो । यसको सही प्रयोग हुन सकेको अवस्थामा मानव जीवन स्वस्थ रहन सक्छ । यस्ता एन्टीबायोटिक्स कुनै पनि ब्याक्टेरियल संक्रमणमा हुन सक्दछ । यसले लामो समय सम्म गर्नु पर्ने उपचारलाई छोट्याएर केही समय सम्ममै पनि ठीक पार्न सक्छ ।

यसलाई विभिन्न रोगहरूमा प्रयोग गर्न सकिने हुदाँ एन्टीबायोटिक्सका फाइदा धेरै छन् ।

तर यसको सही प्रयोग नभएको खण्डमा यसको बेफाइदा धेरै हुनसक्छ । अझ भावी पुस्तामा यसको असर धेरै हुन सक्ने देखिएको छ । जस्तै,

- *समयमै एन्टीबायोटिक्स नखानु*
- *डोज पूरा नगर्नु*

त्यस्तै, एन्टीबायोटिक्स प्रयोग गर्दा यसले शरीरमा भएको कुनै न कुनै कोषिकालाई असर पार्ने हुँदा यसका साइड इफेक्टस् धेरै हुने गर्दछ ।

### एन्टीबायोटिक्सका कारण हुन सक्ने साइड इफेक्ट

- *पखाला, दिशा लाग्नु*
- *मृगौलामा असर पार्ने*
- *कानमा असर*
- *शरीरमा रोग प्रतिरोधी क्षमतामा ह्रास आउने*

# *जब विपरित स्वभावका साथीसँग जीवन विताउनुपर्ने हुन्छ, के गर्ने ?*

विज्ञान भन्छ, विपरित ध्रुबहरू आपसमा आकर्षित हुन्छन् । विज्ञानको यो सूत्र जीवनमा पनि काम लाग्छ। तर ईमान्दार हुनका लागि विज्ञानका अलावा, जीवनमा दर्शन पनि आवश्यक छ । निस्सन्देह, हाम्रो शरीर र दिमागले वैज्ञानिक ज्ञानको आधारमा धेरै हदसम्म काम गर्छ । उदाहरणका लागि यदि तपाईं अन्तर्मुखी स्वभावको हुनुहुन्छ भने तपाईं बहिर्मुखी स्वभावको व्यक्ति मन पराउनुहुन्छ । यदि तपाई चञ्चल प्रकृतिको मान्छे हुनुहुन्छ भने शान्त प्रकृतिको मान्छे धेरै मनपराउनु हुन्छ । यसरी हामी आफ्नोभन्दा फरक स्वभाव भएका व्यक्तिलाई मनपराउने गर्छौं ।

धेरै अनुसन्धानहरूले देखाएका छन् कि विपरीत स्वभावसँग आपसमा द्वन्द्व सुरू हुन्छ । त्यसैले फरक खालको व्यवहार भए पनि न त उसलाई परिवर्तन गराउनुहुन्छ न त आफू परिवर्तन हुनुहुन्छ । जो जस्तो स्वभावको हुनुहुन्छ उस्तै राख्नु उचित हुन्छ ।

### *दुवैबाट एउटा साझा बाटो खोज्नु उपयुक्त हुन्छ*

माथि भने जस्तै न त तपाईंले आफ्नो स्वभावमा परिवर्तन ल्याउन सक्नुहुन्छ न त पार्टनरको स्वभावमा परिवर्तन ल्याउने प्रयास गर्नु उचित हुन्न । तर दुबै मानिसहरू एक अर्कालाई आफ्नै शर्तमा छोडेर बाँच्न सक्दैनन् । यस्तो अवस्थामा तपाईंको सम्बन्ध चाँडै तोडिने हुन्छ । यदि पार्टनरलाई पार्टी



मनपर्छ तर तपाईंलाई मन पर्दैन भने बीचको बाटो यो हुन सक्छ कि पार्टनरले हरेक दिनको सट्टा एक दिन पार्टी गर्ने र तपाईंले पनि एकदिनको पार्टीमा सहभागिता जनाउन सक्नुहुन्छ ।

त्यस्तैगरी, तपाईंको छनौटको गतिविधिमा तपाईंको साथीलाई शामेल गर्नुहोस् । यस तरिकाले तपाईं दुवैले केही नयाँ सिक्न पाउनुहुनेछ। तपाईं पनि एक अर्कासँग गुणस्तरीय समय बिताउन पाउनुहुनेछ । यो नछुटाउनुहोस् कि तपाईंको पार्टनरले हरेक गतिविधिमा तपाईंलाई साथ दिएको हुनुपर्छ ।

हरेक सम्बन्धमा दुवै जनाको दृष्टिकोण एउटै खालको हुन्छ । उनीहरूको जीवन बोरिङ र निरस बन्छ । उनीहरू जीवनमा साहसिक काम गर्न सक्दैनन् । अर्कोतर्फ जब तपाईंहरू दुवैको विचार फरक प्रकारको हुन्छ भने तब हरेक दिन तपाईंहरू दुवैले नयाँ तर्क सुन्न पाउनुहुनेछ । तपाईंहरू दुवैले हरेक कुरालाई नयाँ तरिकाबाट हेर्न पाउनुहुनेछ । आफ्नो वैवाहिक जीवनलाई खुसियाली बनाउनको लागि यस्ता विषयमा ध्यान दिनुपर्छ जसले दुई जनाको सम्बन्धलाई सुमधुर बनाइ राखोस् । जहाँ विचार फरक भए पनि भावनाले साइनो जोड्न सकियोस् ।

मानिसहरूको सम्बन्ध लामो समयसम्म रहन्छ। तर यो सिक्काको एक पक्ष हो, जो विज्ञानद्वारा सञ्चालित छ । तर हामी पहिले नै भन्दै छौं, हाम्रो जीवनमा एक दार्शनिक कोण पनि छ ।

### *जीवनको शब्दकोशबाट सही र गलतको धारणा हटाउनुहोस्*

यदि तपाईं लामो समयका लागि कुनैपनि सम्बन्धमा रहन चाहनुहुन्छ भने सबैभन्दा पहिले सही र गलतको धारणाबाट मुक्त हुनुपर्छ । मानौं तपाईं एक अन्तर्मुखी हुनुहुन्छ र तपाईंको साथी बहिर्मुखी छन् भने दुवै मानिसहरू पहिले एक अर्काको विपरीत स्वभावको कारण एकअर्काप्रति आकर्षित थिए । तर समयसँगै, पार्टनरको सानासाना कुराहरू रिसाउन थाल्छन्। यस्तो अवस्थामा हामी या त साथीलाई पनि आफू जस्तै बनाउन चाहन्छौं या त साथी जस्तै बन्न प्रयास गर्छौं । किनकि हामीलाई लाग्छ, दुईमध्ये एक राम्रो स्वभावको छ र अर्को खराब छ। यस मामलामा झगडा तपाईंहरू दुईको बीचमा हुन्छ । यदि तपाईं वा तपाईंको साथी चुपचाप बसेरै तपाईंभित्र परिवर्तन ल्याउने चेस्टामा छन् भने थाहा पाउँदा हुन्छ तपाईंको स्वभावसँग ऊ रिसाएको छ । यही रिस बाहिर निस्किएपछि एक

# फलफूल खाँदा ध्यान दिऔं है !

राम्रो स्वास्थ्यको लागि पोषणयुक्त खानेकुरा खानु जरूरी छ । सही आहार राम्रो स्वास्थ्यका लागि महत्वपूर्ण मानिन्छ । सही पोषक तत्वयुक्त खाना सही मात्रा र सही समय खाँदा मात्रै स्वास्थ्य पनि सही रहन्छ । मानिसको सर्वांग स्वास्थ्यको लागि पोषक तत्वले भरिपूर्ण फलहरू खानुपर्छ । यसको लागि ती फलहरू समय अनुसार फरक छ कि छैन पहिचान गर्नुपर्छ ।

### *एक दिनमा दुई फल खानुहोस्*

एक दिनमा दुईवटा फलको सेवनले छालाको चमक बढ्न जान्छ । साथै, मधुमेह र इन्सुलिन रेजिस्टेन्सको जोखिम पनि कम हुने गर्छ । तर फलको संख्या तोक्दा त्यसको आकारको पनि जिज्ञासा होला । तर सामान्यतया स्याउ १५० ग्राम, एभोकाडो २०० ग्राम, केरा ७० ग्राम हुने गरी फल खानुपर्छ ।

### *फलको मात्रामा नियन्त्र*

फलफूल स्वास्थ्यको लागि लाभदायक हुन्छ । तर यही फल धेरै खायो भने यसले समस्या सिर्जना गर्छ । फल खाने बेलामा एउटा साझा समस्या हुन् कति खाने भन्ने । कुनै मीठो फल एकै पटक खाने होस् या थोरै मात्रामा खाने होस् यसले पोषणको सन्तुलन मिलाउन सक्दैन । फलहरूमा फ्रुक्टोज पाइन्छ । जुन कार्बोहाइड्रेटको एक प्रकार हो । तसर्थ, धेरै मात्रामा फल खाँदा वजन बढ्ने एवरू रगतमा चिनीको मात्रा बढ्न सक्छ ।

### फलफूलको जुस आहारको हिस्सा हुन सक्छ

फलफूललाई डाइटको रूपमा प्रयोग गर्नको लागि फलफूलको रस पनि एउटा प्रभावकारी उपाय हो । प्याक गरिएको जुसको साटो घरमा बनेको फाइबर युक्त जुसलाई प्राथमिकता दिनुहोस् । जुसलाई सकेसम्म भण्डारण गरेर राख्नुहुन्न ।

### मौसमी र स्थानीय उत्पादनमा ध्यान दिनुहोस्

सही आहार राम्रो स्वास्थ्यका लागि महत्वपूर्ण छ । सही पोषक तत्वहरूसँगै सही मात्रामा खाना खाने र सही समयमा खानु पनि आवश्यक हुन्छ । त्योभन्दा महत्वपूर्ण कुन ठाउँमा फलेको फल खाइएको छ त्यसले पनि असर गर्छ । मौसमी फलहरू पोषक तत्वले युक्त र बजेट मैत्री पनि हुन्छ । बाहिरबाट आउने फलहरू महँगो हुन्छ र धेरैदिन भण्डारण गर्न सकिने खालको पनि हुन्छ ।

### समयको ख्याल राख्नुहोस्

यदि तपाईं तौल घटाउन वा चिनीको मात्रा नियन्त्रण गर्न चाहनुहुन्छ भने फल खाने सबैभन्दा उचित समय भनेको बिहानको खानाअघिको समय हो । यदि तपाईं साँझको खानाको समयमा फल खान चाहनुहुन्छ भने मेवाको जुस एक कचौरा खानुहोस् ।

### थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# मकवानपुरगढीका किसानले उत्पादनमा अनुदान पाउने



◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाले किसानलाई धेरैजसो उत्पादनमा अनुदान रकम वितरण गर्दै आएको छ । केहीमा भने वितरणको तयारी भइहेको छ । मकवानपुरगढीका किसानलाई दुध, तरकारी, फलफूल र मासुमा किसान र सहकारीलाई अनुदान रकम दिन सुरू गरेको छ ।

केही अनुदानका कार्यक्रम विगतका वर्षदेखिनै सञ्चालन गरिएपनि केही अनुदानका कार्यक्रम चालु आर्थिक वार्षदेखि सञ्चालनमा आउने छ । सहकारीमा तरकारी तथा फलफूल बिक्री गर्ने किसानलाई प्रती केजी एक रूपैयाँ र खरिद गर्ने सहकारीलाई पनि प्रतिकेजी एक रूपैयाँ अनुदान वितरणको काम तीन स्थानबाट सुरू भइसकेको मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईले बताए । यसैगरी अनाजमा किसानलाई प्रतिकेजी २ रूपैयाँ र सहकारीलाई प्रतिकेजी २ रूपैयाँका दरले अनुदान रकम वितरण गरिने उनले बताए । किसानमा जोडिने विचौलीयालाई निरूत्साहीत गर्नका लागि किसान र सहकारीलाई अनुदानका कार्यक्रम ल्याइएको उनले बताए । यसैगरी विगतका वर्षदेखिनै प्रतिलिटर दुधमा एक रूपैयाँका दरले अनुदान रकम वितरण गरिदै आएको छ ।

यसैगरी मासुमा पनि प्रतिकेजी अनदान दिने तयारी गाउँपालिकाले गरेको छ । यसको कार्यविधि बनाएर तत्काल लागू गर्ने तयारी भएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा तरकारीमा अनुदानका लागि १० लाख रूपैयाँ, दुधमा अनुदानका लागि ४५ लाख रूपैयाँ, मासुमा अनुदानका लागि १० लाख रूपैयाँ बजेटमै छुट्याएको अध्यक्ष हुमागाईले बताए ।

# अभिमुखीकरण कार्यक्रम

◆ विकास संवाददाता

बालविवाह न्यूनिकरणमा बालक र पुरूषको भुमिका विषयक अभिमुखिकरण कार्यक्रम सोमबार हेटौंडामा भएको छ । अस्मिता नेपालले आयोजना गरेको कार्यक्रममा पश्चिम मकवानपुरको राक्सिराङ गाउँपालिका, विभिन्न गैरसरकारी संघसंस्था, नागरिक समाज, किशोरी समूहका प्रतिनिधिको सहभागिता रहेको थियो ।

'बालबालिकाको इच्छा, विवाह होइन शिक्षा' भन्ने नाराका साथ आयोजित कार्यक्रममा मेन इन्गेज एलायन्स नेपालका प्रकाश खतिवडा र अस्मिता नेपालकी अध्यक्ष आरती पाठकले सहजिकरण गरेका थिए ।

कार्यक्रममा बालविवाहको बर्तमान स्थिति, बालबिवाह हुनुको कारण तथा असरहरू, बालविवाहबाट हुने शारिरीक र मानसिक समस्याहरू, राष्ट्रिय कानूनी व्यबस्था तथा नीति, बाल विवाह अन्त्यका



लागि राष्ट्रिय रणनीति २०७२, अन्तराष्ट्रिय र क्षेत्रीय प्रतिबद्धता लगायतको विषयमा प्रस्तुतिकरण गरिएको थियो ।

कार्यक्रममा राक्सिराङ गाउँपालिका वडा नम्वर २ का अध्यक्ष सुर्यबहादुर मोक्तान, वडा नम्वर ३ का अध्यक्ष बाबुलाल स्याङ्तान, अभिभावक समूहका अध्यक्ष चित्रबहादुर थिङ, किशोरी समूहकी अध्यक्ष रामकुमारी प्रजा, नारी संरक्षण केन्द्र मकवानपुरका राम मिजार लगायतले मन्तव्य ब्यक्त गरेका थिए ।

# दल विभाजनबारे बागमती प्रदेशसभालाई जानकारी गराइयो

◆ विकास संवाददाता

निर्वाचन आयोगले दल विभाजन बारे बागमती प्रदेशसभालाई जानकारी गराएको छ । आयोगको पत्र प्रदेशसभा सदस्य तथा नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य राजेन्द्रप्रसाद पाण्डेलगायतको टोलीले आज प्रदेशसभा सचिवालयमा दर्ता गराएको हो ।





आयोगले उक्त पत्रमार्फत नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट निर्वाचित भएका १३ जना प्रदेशसभा सदस्यले नेकपा (एकीकृत समाजवादी) रोजेको जानकारी प्रदेशसभा सचिवालयलाई गराएको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ (दोस्रो संशोधन अध्यादेश, २०७८) र र ाजनीतिक दलसम्बन्धी नियामवली, २०७४ (दोस्रो संशोधन अध्यादेश, २०७८) को नियम ५ अनुसार एमालेबाट विभाजन भई नेकपा (एकीकृत समाजवादी) बनेको जानकारी गराइएको छ । निर्वाचन आयोगले एकीकृत समाजवादी रोजेका प्रदेशसभा सदस्यहरूले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ (दोस्रो संशोधन अध्यादेश २०७८) को दफा ३३(२क) बमोजिम दल त्याग गरेको नमानिने अवगत गराएको छ ।

प्रदेशसभामा नयाँ दल सूचीकृत भएसँगै बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलको संख्या सात पुगेको छ । सभामा विभाजनपछि पनि ४३ सदस्यसहित नेकपा एमाले सबैभन्दा ठूलो दल छ भने नेकपा माओवादी केन्द्र २३ सदस्यसहित दोस्रो त्यस्तै २२ सदस्यसहित नेपाली कांग्रेस तेस्रो दलका रूपमा रहेको छ । नयाँ दल नेकपा (एकीकृत समाजवादी) १३ सदस्यसहित प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलमध्ये चौथो दल बन्न पुगेको छ ।

तीन सदस्य संख्यासहित प्रदेशसभामा यसअघि चौथो ठूलो दलका रूपमा रहेको विवेकशील साझा पाँचौंमा पुगेको छ । प्रदेशसभामा नेपाल मजदुर किसान पार्टी र राप्रपाको दुई/दुई जना सदस्य रहेका छन् भने स्वतन्त्रतर्फ एक सदस्य छन् ।

# प्रदेश योजना आयोगका पदाअधिकारीको शपथग्रहण

◆ विकास संवाददाता

बागमती प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र तीन जना सदस्यहरूको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सपथग्रहण गरिएको छ । प्रदेशका मुख्यमन्त्री तथा आयोगका अध्यक्ष अष्टलक्ष्मी शाक्यले आयोगका उपाध्यक्ष तथा सदस्यहरूलाई सपथग्रहण गराएकी हुन् ।

आयोगका उपाध्यक्ष सिन्धुपाल्चोक मेलम्ची-६ बस्ने डाक्टर जगत बहादुर बस्नेतलाई सपथग्रहण गराएकी छिन् । यस्तै सदस्यहरूमा रामेछाप भीरपानी-६ का ज्ञानु कुमार श्रेष्ठ, काठमाण्डौ-४ वालुवाटारका निलम ताम्राकार र नुवाकोट विदुर-१० का रामशरण प्याकुरेललाई मुख्यमन्त्री शाक्यले सपथग्रहण गराइन् ।



कार्यक्रमलाई संबोधन गर्दै मुख्यमन्त्री शाक्यले आयोगको कामलाई द्रुतगतिमा अगाडी बढाउनका लागि आफुहरूले आयोगलाई पूर्णता दिएको बताइन् ।

पदाधिकारी नहुँदा आयोगका कामहरूलाई अगाडी बढाउनका लागि समस्या भएकाले यसलाई पूर्णता दिएको बताइन् । शुशासनमा प्रदेशलाई अगाडी बढाउने उनले बताइन् ।

कार्यक्रममा प्रदेशका मुख्यन्यायधिवक्ता ओम प्रकास थपलीया मुख्यमन्त्री कार्यालयका कर्मचारीहरू लगायतकाको सहभागिता रहेको थियो ।

# ४९ शिक्षकलाई सम्मान

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले अन्तराष्ट्रिय साक्षरता दिवसका अवसरमा ४९ जना शिक्षकलाई सम्मान गरेको छ । यसैगरी बालप्रतिभा पहिचान कार्यक्रममा उत्कृष्ट भएका बिद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले कोरोनाको महामार ीको समयमा पनि बैकल्पीक माध्यमले अध्यापन गराउँदै आएका ४० जना शिक्षक तथा दिर्घ सेवाबाट ९ जना शिक्षकलाई सम्मान गर्नु भएको हो ।

हेटौंडाका निजी तथा सामुदायिक बिद्यालयका शिक्षकलाई सम्मान गरिएको हो । कार्यक्रममा उपमहानगरपालिकाका मेयर महतले शिक्षा क्षेत्रमा अगाडी





बढाउनका लागि स्थानीय सरकारले कुनैपनि सहयोग गर्ने बताए ।

कार्यक्रममा उपमेयर मिना कुमारी लामा, प्रमुख प्रशासकिय अधिकृत शिबराज चौलागाईं, डीएलपीआइयु शिक्षा मकवानपुरका प्रमुख बद्री बहादुर पाठक, अधिकृत रामचन्द्र खड्का, नायब सुब्बा राजमणि शर्मा अधिकारी लगायतकाले मन्तब्य व्यक्त गरेका थिए ।



विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७८ भदौ २८ गते सोमबार, 13 Sep. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



# थाहानगरका संस्कृति संरक्षणका लागि छलफल




◆ विकास संवाददाता

मकवानपुर जिल्लाको थाहा नगरपालिका प्राचिन नेवाः वस्तीहरू टिस्टुङ, चित्लाङ, पालुङ, कन्छाः, कुगां, वःखः लगायतलाई सांस्कृतिक संरक्षित क्षेत्र घोषणाका लागि शुक्रवार थाहा नगरपालिकाका नगर प्रमुख लबशेर विष्टसंग छलफल गरिएको छ ।

छलफलमा सांस्कृतिक संरक्षित क्षेत्र अभियान थाहा नगरका अध्यक्ष बिनोद मर्हजन,उपाध्यक्ष बिष्णु भक्त गोपाली, किर्तिपुर नगरपालिकाका सांस्कृतिक संरक्षित क्षेत्र अभियानका संयोजक ,श्री कृष्ण मर्हजन, निरन्जन श्रेष्ठ,बिमल गोपाली, भवानी गोपाली लगाएतको उपस्थिति रहेका थियो ।

थाहा नगरपालिकाका मेयर लवशेर विष्टसंग भएको छलफल सकारात्मक भएको सांस्कृतिक संरक्षित क्षेत्र अभियान थाहा नगरका अध्यक्ष बिनोद मर्हजनले जानकारी दिए ।

# शिक्षकलाई कम्प्युटर तालिम र ल्यापटप



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नं. ११ को बागेश्वरी माविमा एक शिक्षक एक ल्यापटप कार्यक्रम भएको छ । साथै बागेश्वरी माविमा १० दिने कम्प्युटर तथा प्रविधि सम्बन्धि तालिम पनि सम्पन्न भएको हो ।

सिक्ने र सिकाउने अभियान अर्न्तगत तालिमको आयोजना गरिएको थाहा नगरपालिका वडा नंम्बर ११ का वडा अध्यक्ष किरणमान बलले जानकारी दिए । प्रविधि आजको आवश्यक्ता भन्ने कुरा आत्मसाथ गर्दै किस्तामा १ शिक्षक १ ल्यापटप पनि वितरण गरिएको बलले जानकारी दिए । विद्यालय व्यबस्थापन समितिका अध्यक्ष तथा थाहा वडाअध्यक्ष किरणमान बलको सभाध्यक्षतामा कार्यत्रुम सम्पन्न भएको थियो । तालिमको सहजिकरण ललित कुँवरले गरेका थिए ।

थाहा नगरपालिका वडा नं. ११ का विद्यालयहरूमा अध्यापनलाई सहज बनाउन वडा पालिकाले कम्पुटर, प्रिन्टर र प्रोजेक्टर समेत वितरण गरिएको अध्यक्ष बलले जानकारी दिए । थाहाको ११ नं. वडा कार्यालयको सहयोगमा वडाका ५ विद्यालयलाई एक/एक थान कम्प्युटर, प्रिन्टर र २ वटा विद्यालयलाई प्रोजेक्टर वितरण गरिएको हो ।

वडाका मावि र निमाविलाई प्रविधिमैत्री सिकाईकालागि प्रोजेक्टर र प्राविलाई कम्प्युटर र प्रिन्टर वितरण गरिएको वडा अध्यक्ष किरणमान वलले बताए ।

*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

# जनकल्याणलाई कम्प्युटर

◆ विकास संवाददाता

रोटरी क्लव अफ काठमाण्डौ वेष्टद्धारा थाहानगरको जनकल्याण माविलाई ६ थान डेक्सटप कम्प्युटर र ४ कम्प्युटर हस्तान्तरण गरेको हो ।

थाहा नगरपालिकाका विभिन्न क्षेत्रमा सामाजिक कार्यमा सक्रिय भएकोमा रोटरी क्लव अफ काठमाण्डौ वेष्टका




थान ल्यापटप हस्तान्तरण गरेको छ । रोटरीले जनकल्याण माविमा एक कार्यक्रम गर्दै माविका अध्यक्ष राजिव स्याङ्तानलाई उक्त ल्यापटप तथा गतिविधीको उच्च मुल्याङ्कन गर्दै थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले खुसी व्यक्त गर्नु हुँदै थाहा नगरको तर्फबाट प्रशंसा पत्र सहित सम्मान गरेका थिए ।

# मकवानपुरका ३९ जनप्रतिनीधिले नयाँ पाटी रोजे

◆ विकास संवाददाता

दल फुटाउने अध्यादेशले नेकपा एमाले आधिकारिक रूपमा विभाजन भएपछि एमालेबाट विजयी भएका प्रदेश तथा स्थानीय जनप्रतिनिधिलाई दल रोज्न दिएको समय सकिएको छ ।

निर्वाचन आयोगले गएको भदौ १५ गतेदेखि २२ गते मंगलबार ५ बजेसम्म एमालेबाट विजयी भएका जनप्रतिनिधिहरूलाई माधव नेपाल नेतृत्वको नयाँ पार्टी रोज्न समय दिएको थियो । हेटौंडा–५ स्थित प्रदेश निर्वाचन कार्यालय अनुसार मकवानपुरमा २ जना प्रमुख र २ जना उपप्रमुख सहित सहित ३९ जना जनप्रतिनिधिले एमाले त्याग गर्दै समाजवादीमा सनाखत गरेका छन् । सनाखत गर्नेहरूमा मकवानपुरको कैलाश गाउँपालिका अध्यक्ष टंक मोक्तान, ईन्द्रसरोवर गाउँपालिका अध्यक्ष जीवन लामा, हेटौंडा उपमहानगरपालिकाकी उपप्रमुख मिना लामा र मनहरी गाउँपालिकाकी उपाध्यक्ष मनिला विष्टसहित जिल्लाका विभिन्न स्थानीय तहका केहि वडा अध्यक्षहरू र केही वडा सदस्यहरू रहेका छन् ।

यसैगरि प्रदेश निर्वाचन कार्यालय अनुसार बागमती प्रदेशमा १३ जना प्रदेश सदस्यहरूले नयाँ पार्टी समाजवादीमा सनाखत गरेका छन् ।

# अनेम संघ थाहामा गोपाली

◆ विकास संवाददाता

नेकपा माओबादी केन्द्रको भातृ संगठन अखिल नेपाल महिला संघ (क्रान्तिकारी) थाहानगर कमिटीको अध्यक्षमा शकुन्तला गोपाली चुनिएकी छिन् ।

शिखरकोट स्थित विकास घरमा भएको अखिल नेपाल महिला संघ (क्रान्तिकारी) थाहानगर कमिटीको दोस्रो सम्मेलनले गोपालीको अध्यक्षतामा ५५ सदस्यीय थाहा नगर कमिटी गठन गरेको जनाएको छ । उपाध्यक्षमा मिना कुमारी स्याङ्तान, मिरा खड्का, सचिवमा जयन्ती रायमाझी, कोषाध्यक्षमा राजी बस्नेत, सहसचिवमा शुक्ला गोपाली छानिएका छन् ।

कमिटीको सदस्यहरूमा अनिता बल, सृजना बिक, पवित्रा सिंह ठकुरी, अम्बिका के.सी., सुशिला थिङ, रमिला घलान, सुशिला घलान, रमिता बिडारी, सविता स्याङ्तान, तारादेवी गोपालीलगायत छन् । रिता कार्कीको सभाध्यक्षतामा भएको सम्मेलनमा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज कुमारी मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो ।

सम्मेलनमा बागमति प्रदेश सचिवालय सदस्य बिष्णु बिष्टलगायतकाकोउपस्थिती रहेको थियो ।

# स्थानीय तहमा एक हजार जनस्वास्थ्य निरीक्षक

◆ विकास संवाददाता

सरकारले स्थानीय तहमा जनस्वास्थ्य निरीक्षक राख्ने नीतिगत व्यवस्था गरेको छ । कोभिड–१९ प्रतिकार्यका लागि जनस्वास्थ्य निरीक्षक परिचालनसम्वन्धी कार्यविधि २०७८ (पहिलो संसोधन) जारी गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्थानीय तहमा १ हजार ७७ जना जनस्वास्थ्य निरीक्षक नियुक्त गर्ने बाटो खोलेको हो ।

कोरोना महामारीको समयमा जनस्वास्थ्यको काम प्रभावकारी बनाउन स्थानीय तहमा जनस्वास्थ्य निरीक्षक राख्न लागिएको हो । यसअघि नै जनस्वास्थ्य निरीक्षक परिचालनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७८ जारी भएको थियो ।

उक्त कार्यविधिमा जनस्वास्थ्य निरीक्षकको योग्यतालगायतका विषय स्पष्ट नभएकाले संशोधन गरेर जारी गरिएको मन्त्रालयका एक अधिकारीले जानकारी दिए । स्थानीय तहमा रहने जनस्वास्थ्य निरीक्षकको न्युनतम योग्यता जनस्वास्थ्य विषयमा कम्तीमा स्नातक गरेको हुनुपर्नेछ ।

कार्यविधि अनुसार काठमाडौं महानगरपालिकामा ७ जना र अन्य महानगरपालिकामा ५–५ जना जनस्वास्थ्य निरीक्षकहरू रहने छन् । त्यसैगरी उप–महानगरपालिकामा ३–३ जना, नगरपालिकामा २–२ जना र गाउँपालिकामा १–१ जना जनस्वास्थ्य निरीक्षक रहनेछन् । कार्यविधि अनुसार उनीहरूको सुरुवाती तलब स्केल ३७ हजार ७० रूपैयाँ र ५० प्रतिशत जोखिम भत्ता १ हजार ९३५ रूपैयाँ गरी कुल ५६ हजार ८०५ रूपैयाँ हुनेछ ।

कार्यविधिमा जनस्वास्थ्य निरीक्षकको सेवा अवधी १ बर्षको हुने र महामारीको अवस्था मुल्यांकन गरी पदावधि थप गर्न सकिने उल्लेख छ । मन्त्रालयले अहिले फाजिलमा रहेका स्थायी स्वास्थ्यकर्मीलाई जनस्वास्थ्य निरीक्षकको रूपमा प्राथमिकता दिने बताएको छ ।

जनस्वास्थ्य निरीक्षकहरूले स्वास्थ्य कार्यालयका प्रमुख तथा स्थानीय तहका स्वास्थ्य संयोजकको समन्वयमा काम गर्नुपर्नेछ । तीन तहको जनस्वास्थ्य समन्वय गर्न, क्वारेन्टिन र आइसोलसन निगरानी गर्न, केस इन्भेस्टिगेसन, कन्ट्याक्ट ट्रेसिङ, स्क्रिनिङ, हेल्थ डेस्क, उपचार र संचार गतिविधिहरू सम्बन्धित स्थानीय तह र जिल्ला स्वास्थ्य कार्यालयसँगको समन्यवमा उनीहरूले कार्य संचालन गर्नेछन् ।

यस्तै, जनस्वास्थ्य निरीक्षकले जनस्वास्थ्यको मापदण्ड पालना भए नभएको अनुगमन, जनचेतनामुलक गतिविधि संचालन, जनस्वास्थ्य मापदण्डबारे जानकारी तथा परामर्श, सरकारबाट जारी मापदण्ड पालना नगर्ने व्यक्ति तथा संस्थाहरूको सूची तयार गरी कारबाहीका लागि सिफारिस गर्ने, जोखिम स्थानको पहिचानका लागि सूचना संकलन र विश्लेषणात्मक प्रतिवेदन जिल्ला कोभिड व्यवस्थापन समितिमा पेश गर्नुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ । जनस्वास्थ्य निरीक्षकले तोकिएको अधिकारीको प्रत्यक्ष सुपरीवेक्षण र स्वास्थ्य कार्यलय प्रमुख र स्थानीय तहका स्वास्थ्य संयोजकको समन्वयमा कार्य गर्नुपर्नेछ ।

**आफ्नै सूचना**

तपाइको गाउँघरमा हुने गतिविधि, कार्यक्रमहरु संचालन भएका छन् ? अथावा कुनै विषयमा राम्रा काम पो भएका छन् की ? तपाईको गुनासो सञ्चारका माध्यम मार्फत सरोकारवाला निकायमा पुऱ्याउन आवश्यक छ ? यदि त्यसो हो भने हामीलाई तुरुन्त फोन गर्नुहोस् । हामी तपाईका त्यस्ता विषयहरुलाई सञ्चार माध्यम मार्फत उठान गर्नेछौं ।

*– सम्पादक*

# कुन शीर्षकको कर कहाँ तिर्ने ?

*करसम्बन्धी अन्य निर्णय र व्यवस्थापन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अधीन रही गर्नुपर्छ भने स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले दिएको काम, कर्तव्य र अधिकार को अधीनमा रही स्थानीय पूर्वाधार र सेवाको उपयोग एवं प्रयोग सम्बन्धमा शुल्क निर्धारण र संकलनसमेत गर्न सक्ने र राजस्व चुहावट नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड बनाई त्यसको कार्यान्वयन नीति बनाई त्यसको कार्यान्वयन अनुगमन तथा नियमनसमेत गर्न सक्ने व्यवस्था ऐनले गरेको छ ।*

संघीय संरचनाअनुसार केन्द्र, प्रादेशिक तथा स्थानीय गरी तीन तहको सरकार छ। तीन तहको सरकार गठनपछि जनताले नियमित तिर्दै आएका करको दायित्व पनि सरकारपिच्छे सरेको छ ।

संघीयता कार्यान्वयन भएको तीन वर्ष बितिसक्दा पनि जनतालाई भने कुन कर कहाँ तिर्ने भन्ने विषयमा अझै अन्योल छ । संविधानले व्यवस्था गरेअनुसार कुन कर कहाँ तिर्ने भन्ने विषयमा राजस्व परिचालनको तहगत व्यवस्था यस्तो छ :

केन्द्रीय तह वा संघको राजस्व अधिकारभित्र पर्ने

केन्द्रीय तह वा नेपाल सरकारले संविधानको धारा ५७ र ६० एवं अनुसूची ५ अनुसारको राजस्व अधिकार प्रयोग गरी निम्न शीर्षकमा कर उठाउन पाउँछ :

**राजस्व अन्तर्गत ६ शीर्षकमा**

क) भन्सार
ख) अन्तःशुल्क
ग) मूल्य अभिवृद्धिकर
घ) संस्थागत आयकर
ङ) व्यक्तिगत आयकर
च) पारिश्रमिक कर

**गैरकर राजस्वअन्तर्गत ५ शीर्षकमा**

क) राहदानी शुल्क
ख) भिसा शुल्क
ग) पर्यटन दस्तुर
घ) सेवाशुल्क दस्तुर
ङ) दण्ड जरिबाना

यसबाहेक जुवा, चिट्ठा तथा क्यासिनोमा लाग्ने करसमेत केन्द्रीय सरकारले उठाउन सक्ने व्यवस्था छ ।

प्रदेशको राजस्व अधिकारभित्र पर्ने :

प्रदेशलाई संविधानको धारा ५७ र ६० तथा अनुसूची ६ अन्तर्गतका निम्न ५ शीर्षकमा कर लगाउने अधिकार दिएको छ :

क) सवारी साधन कर
ख) मनोरञ्जन कर
ग) विज्ञापन कर
घ) पर्यटन कर
ङ) कृषि आयमा लाग्ने कर

यसबाहेक प्रदेशले घरजग्गा रजिस्ट्रेसन शुल्क र सेवाशुल्क पनि पनि उठाउन सक्छ । कर र सेवाशुल्कबाहेक दस्तुर लगाउने र दण्ड जरिबाना गर्ने अधिकार पनि प्रदेशलाई छ ।

**स्थानीय तहको राजस्व अधिकार भित्र पर्ने :**

स्थानीय तहले संविधानको धारा ६० र अनुसूची ८ मा व्यवस्था भएबमोजिम निम्न ८ शीर्षकमा राजस्व उठाउन सक्छ :

क) स्थानीय कर
ख) सेवाशुल्क दस्तुर
ग) पर्यटन शुल्क
घ) सवारी साधन कर
ङ) विज्ञापन कर
च) व्यवसाय कर
छ) भूमि कर (मालपोत)
ज) मनोरञ्जन कर

सम्पत्तिसँग जोडिएका स्थानीय कर अन्तर्गत पर्ने पाँच किसिमका कर

क) सम्पत्ति कर
ख) घर बहाल कर
ग) घरजग्गा रजिस्ट्रेसन शुल्क
घ) सवारी (साधन कर)
ङ) भूमिकर (मालपोत)

गैरकर राजस्वअन्तर्गत

क) पर्यटन शुल्क
ख) सेवाशुल्क दस्तुर
ग) दण्ड जरिबाना

**यीबाहेक अन्य शुल्क उठाउन सक्नेः**

ट्रेकिङ, क्यानोइङ, बन्जी जम्प, मोटरबोट, प्याराग्लाइडिङलगायतका पर्यटकीय तथा साहसिक खेलका कार्यमा शुल्क उठाउने । जडीबुटी, कबाडी र जीवजन्तुसम्बन्धी शुल्क निर्धारण र असुल गर्ने ।

स्थानीय स्रोतमध्ये ढुंगा, गिट्टी, बालुवा, काठ, दाउरासमेतका प्राकृतिक तथा खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुरको रूपमा राजस्व संकलन गर्न सक्ने ।

राज्य शक्तिको बाँडफाँटसम्बन्धी व्यवस्थालाई हेर्दा घरजग्गा रजिस्ट्रेसन शुल्क प्रदेश तथा स्थानीय तह दुवै तहले परिचालन गर्न सक्ने देखिन्छ भने यसबाहेकका अन्य सम्पत्ति कर भने स्थानीय तहको एकल अधिकारक्षेत्रभित्र परेको देखिन्छ ।

यी निकायले करसम्बन्धी अन्य निर्णय र व्यवस्थापन गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अधीन रही गर्नुपर्छ भने स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले दिएको काम, कर्तव्य र अधिकार को अधीनमा रही स्थानीय पूर्वाधार र सेवाको उपयोग एवं प्रयोग सम्बन्धमा शुल्क निर्धारण र संकलनसमेत गर्न सक्ने र राजस्व चुहावट नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड बनाई त्यसको कार्यान्वयन नीति बनाई त्यसको कार्यान्वयन अनुगमन तथा नियमनसमेत गर्न सक्ने व्यवस्था ऐनले गरेको छ ।

कोरोना लागेपछि
न धुँदा जाने, न रुँदा जाने
त्यसैले कोरोना लाग्नै नदिन
भीडभाडमा नजाने



नेपाल सरकार
विज्ञापन बोर्ड




नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना



जेष्ठ नागरिक | एकल महिला | अशक्त/अपाङ्ग | लोपोन्मुख जाति | बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ साल श्रावण १ गतेदेखि २०७८ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गर्ने ।

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर

## थाहा नगरपालिका
*इन्द्रायणी चौर, मकवानपुर*

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०५/२०

**यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तरकारी बालीमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) संचालन गर्नुपर्ने भएकोले थाहानगर भित्रका कृषक समूहरु, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीले आवश्यक तपसिलका कागजातसहित यो सूचना प्रकाशित मितिले ३० दिनभित्र कृषि शाखामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

***नोटः** कार्यक्रम संचालन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल अनुसार हुनेछ ।*

**आवश्यक कागजातहरूः**

१. निवेदन-१ प्रति *(अनुसूची-१० थाहा नगरपालिका कृषि शाखाबाट उपलब्ध हुने ।)*
२. कृषक समूह/कृषि सहकारी प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
३. कृषक समूह/कृषि सहकारीको बैठक निर्णय प्रतिलिपी-१ प्रति
४. पान दर्ताको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
५. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी-१ प्रति
६. कार्यक्रम संचालनको लगत स्टीमेट-१ प्रति
७. उपभोक्ताहरुको जग्गाधनी (लालपुर्जा) प्रमाणपत्रको प्रतिलिपी-१ प्रति

**थप जानकारीका लागि सम्पर्कः**

**९८४५१०३३४१ र ९८४५०७२२००**

*- म्याद नाघि आएका र रीत नपुगेका निवेदनलाई कार्यक्रममा समावेश गरिने छैन ।*

- कृषि विकास शाखा

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी